# सायल गाउँपालिका

## गाउँपालिकाको कार्यालय

## दुदिलेगडा, डोटी

### गाउँ सभामा प्रस्तुत गरिएको

# आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम

मितिः २०८२ अषाढ १० गते

सभा सदस्य ज्यूहरु,

आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित छु । आजको यस महत्वपूर्ण ऐतिहासिक अवसरमा राजनैतिक परिवर्तनका लागि विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक, राजनीतिक एवम् सामाजिक परिवर्तन तथा समय सापेक्ष युगान्तकारी नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक अग्रज तथा शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

अब म सायल गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ का लागि गाउँ कार्यपालिका बाट पारित भई गाउँसभामा पेश हुने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । नेपालको संविधान २०७२ को धारा २२१ अनुसार स्थानीय तहको व्यवस्थापकीय अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारी भएको गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम तयारीको ढाँचालाई अनुसरण गरी यस गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमालाई आधार लिएको छु ।सहस्राब्दी तथा दिगो विकास लक्ष्य हासिल गर्नमा अग्रसर हुँन, सायल गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि विभिन्न सरकारी तथा गैरसरकारी दातृ निकायहरु संग समेत समन्वय, साझेदारी तथा सहकार्य गरी अगाडी बढ्ने नीति अवलम्बन गर्दै यस वर्षको सायल गाउँपालिकाको क्षेत्रगत नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**आदरणीय उपस्थित सभा सदस्यज्यूहरु**

**समृद्ध गाउँपालिका, सुखी गाउँवासी** भन्ने अवधारणा बमोजिम समृद्ध सायल गाउँपालिका निर्माण गर्ने हाम्रो लक्ष्यका साथ म आगामी आर्थिक वर्ष २०८२/८३ को श्रेत्रगत नीति तथा कार्यक्रमहरु संक्षेपमा यस गरिमामय सभामा प्रस्तुत गर्न अनुमति चाहन्छु।

## १. आर्थिक क्षेत्र

### (क) कृषि क्षेत्र

१.सायल गाउँपालिकाको कृषि क्षेत्रको विकासको लागि कृषि सडक, सिचाई विस्तार, व्यावसायिक तालिम, प्राविधिक सहयोगको क्षेत्रमा लगानि गरिनेछ।

२.कृषकको क्षमता विकास गर्न आवश्यक तालिम र सचेतना कार्यक्रम संचालन गरिनेछ।वडा र टोल विकास संस्था, कृषि समूह संगको साझेदारिमा कृषि, पशुपालन, उद्यम व्यवसाय कार्यक्रम संचालन गर्ने निति अबलम्बन गरिनेछ।

३.स्थानीय भूगोल र माटो अनुसारको बाली तथा विरुवाहरु लगाउनको निमित्त माटो परीक्षण शिविर संचालन गरिने छ ।

४.कृषि विमा (बाली बीमा तथा पशुपन्छी बीमा) कार्यक्रमलाई संचालन गर्न पहल गरिनेछ ।

५.पशुजन्य उत्पादन बृद्धि गर्न कृतिम गर्भाधान मार्फत पशु नस्लसुधार कार्यक्रम संचालन गरिनेछ ।

६.नियमित पशु स्वास्थ्य शिविर संचालन गरि गाउँघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ।

७.उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८.कृषि उत्पादनको भण्डारण एवम् बजारीकरणको लागि विशेष व्यवस्था गरिनेछ साथै पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ।

९.बाझो जमिनको अधिकतम उपयोग गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

१०. **"खेतखेतमा कृषि प्राविधिक, गोठ गोठमा पशु प्रवाधिक"** नारा सहित वडा प्रविधिकलाई परिचालन गरिनेछ।

११. किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. सायलको आलुलाई प्रवर्द्धन तथा ब्रन्डिङ्ग गरि बजारिकरणका लागि उचित पहल गरिनेछ।

१३. स्थानीय स्तरमा पशु जन्य उत्पादनको अभिवृद्धि गर्दै स्वनिर्भर बनाउनका लागि बाख्रा पालन तथा प्रवर्द्धनका लागि उचित पहल गरिनेछ।

**(ख) उद्योग तथा वाणिज्य**

१. गाउँपालिका क्षेत्रमा संचालित उद्योग तथा व्यवसायीक फर्म दर्ता र नविकरण कार्यलाई व्यवस्थित गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।
२. स्थानीय स्तरमा संचालनमा रहेका साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ।
३. सीपमूलक तालिम संचालन गरी सीप अनुसारको रोजगार व्यवस्थापन गर्ने नीति ल्याईनेछ।
४. अल्लो, रामबास/हात्तिवाड, बडु, बाँस, निङ्गालो जस्ता बस्तुहरुको उचितप्रयोग गरी स्थानीय स्तरमा साना लघु उद्योगको स्थापना कार्यमा जोड दिइ बजारीकरणलाई व्यवस्थित गरिने छ ।

**(ग)धर्म संस्कृति र पर्यटन**

१. **"हाम्रो संस्कृति हाम्रो पहिचान"**भन्ने नाराका साथ स्थानीय स्तरमा मनाइने चाडपर्व तथा मेला, महोत्सवलाई प्रोत्साहन र व्यवस्थित गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

२. मालिका, भेलछडा, धनेछडा, अश्द्वाला, चैरिषि लेक, गोले देउला,माष्टमाणु जस्ता ऐतिहासिक एवम् धार्मिक क्षेत्रलाई पर्यटकीय स्थलका रुपमा विकास गर्ने गरि गुरु योजना निर्माण गरिनेछ।

३. सायल गाँउपालिका क्षेत्र भित्र रहेका पर्यटकिय धार्मिक स्थल, पर्व, संस्कृति, लोकभाका संरक्षण हुने किसिमको वृतचित्र तयार पारि विभिन्न माध्यमवाट प्रसार प्रचार गरिने छ ।

**(घ)सहकारी, वित्तिय क्षेत्र**

१. सहकारी संस्थालाई वेभ पोर्टल (COPOMIS)मा आवद्द गर्ने कार्य अघि बढाइनेछ।

२. स्थापना भई संचालनमा रहेका सहकारीहरुलाई आवश्यक अनुगमन नियमन तथा मूल्याङ्कन गर्न छुट्टै शाखा र सम्पर्क व्यक्ति तोकिनेछ।

३. वित्तीय साक्षरता शिक्षामा सबैको पहुँच पुर्याइने नीतिलाई निर्न्तरता दिईने छ ।

४. सामाजिक सुरक्षा भत्तालाई सर्वशुलभ रुपमा बितरण गर्न BLB सेवालाई आवश्यकता अनुसार नँया स्थापना गरि थप व्यवस्थित तथा प्रभावकारी बनाईनेछ।

**२. सामाजिक विकास**

(क) **शिक्षा तथा खेलकुद**

१. नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिसकेको परिप्रेक्षमा गुणस्तरीय शिक्षामा सवैको पहुच पुर्याउन शैक्षिक योजना तथा कार्यक्रमहरु लाई निरन्तरता दिईनेछ ।

२. विद्यालयमा कार्यरत शिक्षक कर्मचारी हरुका लागी क्षमता अभिवृद्दि तालिमको व्यवस् गरिनेछ ।

३.गुणस्तरिय शिक्षाका लागी योगदान पुर्याएका शिक्षक प्र.अ. वि. व्य. स. लाई मापडण्डका आधारमा प्रोतसान गरिनेछ ।

४.शैक्षिक क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्र सरकारी संघ संस्थाका कार्यक्रमहरु सवै वडामा विस्थार गर्न पहल गरिनेछ ।

५.गाउँपालिका स्वास्थ्य शाखा संग समन्वय गरि अर्ध वार्षिक रुपमा विध्याथिको स्वास्थ्य परिक्षण गर्दै सवै विध्यालयमा प्राथमिक उपचार वाकस स्टेचरको व्यवस्थाका लागी पहल गरिनेछ ।

६.व्यावसायिक तथा प्राविधिक शिक्षामा विध्यार्थि भर्ना र पहुच वढाउन विध्यालय संग आवस्यक सम्न्वय गरिनेछ ।

७.पालिका स्थरिय कक्षा ८ को परिक्षा प्रणालि लाई थप व्यवस्थित गरिनेछ ।

८.विध्यालयमा सिक्दै, सिकाउदै, रमाउदै निति अपनाउदै फुलवारि वृक्षारोपण तथा विध्यालय सौन्दर्यीकरणमा जोड दिईनेछ ।

९.विध्यालय स्थरिय अतिरिक्त क्रियाकलापमा सवै वालवालिकाहरु लाई सहभागि गराउन विध्यालय वाल क्लव मार्फत कार्यक्रम गर्न प्रोत्साहित गरिनेछ ।

१. पालिका अन्तर्गतका सवै तहका शिक्षण सहज कर्ताको तलव वृद्धि गरिनेछ ।

२. सार्वजनिक पद धारण गरेका व्यक्तिका वालवालिकाहरु लाई सामुदायिक विध्यालयमा भर्ना गर्ने निति लागू गरिनेछ ।

३. शिक्षामा समता रणनिति भित्र रहेका कार्यक्रमहरु लाई निरन्तरता दिईनेछ ।

४. विध्यालय दिवा खाजा वालवालिकाको स्वास्थ्य तथा शुक्ष्म पौष्टिक तत्वहरु लाई ध्यानमा राखि पालिकाले तयार गरेको दिवा खाजा मेनु लाई निरन्तरता दिईनेछ ।

५. कार्यरत दिवा खाजा सहजकर्ता लाई गाउँपालिकाको करार कर्मचारीको रुपमा नियुक्ति दिइने छ ।

६. विध्यालयको स्थलगत अनुगमन/ निरिक्षणमा जोड दिईने छ।

७. सामुदायिक अध्ययन केन्द्र लाई  थप प्रभावकारि ढङ्गले अगाढी वढाईने छ ।

८. सामुदायिक विध्यालयका छात्राहरु लाई प्रयाप्त रुपमा नि : शुल्क सेनिटरी प्याड वितरणको व्यवस्था लाई थप व्यवस्थित गरिने छ ।

९. आवश्यकताका आधारमामा विद्यालयकाहरुमा थप शिक्षण सहजकर्ताहरु थप गर्न पहल गरिने छ ।

१०.विद्यालय खेलकुद कार्यक्रमलाई जोड दिनुका साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीतालाई थप व्यविस्थित गरिने छ ।

११.एक वडामा एक विद्यालयलाई नमुना विद्यालय छनोट गर्न पहल गरिने छ ।

१२.टुहुरा गरिब दलित सिमान्तकृत अपाङ्गता लगाएतका बालबालिकाको पहिचान गरि शिक्षामा समता रणनिती योजनालाई अद्यावतीक गरि निःशुल्क शैक्षिक सामाग्री वितरणको व्यवस्था मिलाईने छ।

१३.पालिका भित्र एस. इ.इ.परिक्षा र पालिका स्तरिय ८ र १२ मा सर्वोत्कृष्ट जिपिए ल्याउने एक छात्र एक छात्रा लाई पुरस्कृत गरिनेछ ।

१४.पालिका अन्तर्गतका विद्यालय अनुगमन तथा मुल्याङकन गर्न विज्ञ सहितको समिती गठन गरिने छ ।

१५.परिक्षणको रुपमा सायल गाउँपालिकाका सामुदायीक विध्यालयमा लागु गरिएको स्थानिय पाठ्यक्रम लाई निरक्षण /अनुगमन र सुझावका आधारमा समय सापेक्ष संसोधन गरिने छ ।

१६.नियमावलीमा व्यवस्था भए अनुसार विध्यालयका वार्षिक उत्सव मनाउने कार्यक्रमहरु लाई निरन्तरता दिईने छ ।

१७.गाउँपालिका द्वारा लागु गरिने शैक्षिक निति तथा कार्यक्रममा संस्थागत विध्यालय लाई अनिवार्य रुपमा समावेस गरिने छ ।

१८.विध्यालयमा मनाईने शिक्षा संग समन्धित दिवस हरुमा स्थानिय कला, संस्कृती,संरक्षण हुने खालका क्रियाकलाप गर्न विध्यालय लाई प्रोत्साहित गरिने छ ।

१९.कुनै शिक्षकको दुर्घटना भई तथा दिर्घ रोग लागी उपचारमा आर्थिक समस्या भएमा सहयोगार्थ एक छुट्टै "शिक्षक कल्याण कारी कोष "को व्यवस्था गर्न कार्यविधि वनाई निरन्तरता दिईने छ ।

२०.विध्यालय नक्साङ्कन गरि विध्यालयको अभिलेख व्यवस्थापन गरिने छ ।

२१.शैषिक सम्मेलनमा सरोकार वाला पक्षले जाहेर गरेका प्रतिवद्धताहरु कार्यनव्यन गर्न सहजिकरण गरिने छ ।

२२.नेपाल सरकारको निति वमोजिम सायल गाउँपालिकाले शिक्षामा समावेसी शिक्षा निति लागु गर्ने छ ।

२३.विध्यालयको भौतिक व्यवस्थापनमा मर्मतwखानेपानी,सौचालय,पाईप, एकमुष्ट वजेट विनियोजन गरि आवस्यकताका आधारमा विनियोजन गरिने छ ।

२४.सायल गाउँपालिकाले वडागत रुपमा शिक्षकहरु विच अनुभव आधान प्रदान कार्यक्रम हरु गरिने छ ।

२५.नक्साङ्कन तथा दुरिका आधारमा समुदायमा संचालनमा रहेका वालविकास केन्द्र लाई नजिकको विध्यालयमा समायोजन गरिने छ ।

२६.मा. वि.र नि. मा.वि. मा आ. व. २०८२/०८३ देखि ई -हाजिरीको व्यवस्था गरिने छ ।

२७.विध्यालय र पालिका स्थरिय अतिरिक्त क्रियाकलाप शैक्षिक सत्रको अन्तसम्म गरिसक्ने निति अवलम्वन गरिने छ ।

२८.शिक्षकहरु को मासिक रुपमा त. भ. भुक्तानि हुने व्यवस्था लागु गर्न पहल गरिने छ।

२९.प्रत्येक शिक्षकहरु लाई शिक्षक डाइरी को व्यवस्था गरिने छ ।

३०.प्रत्येक विध्यालयमा शिक्षक लग -वुकको व्यवस्था गरिने छ ।

३१.शिक्षक र विध्यार्थिको परिचय पत्र अनिवार्य गरिने छ ।

३२.पालिका स्तरिय दिवा खाजा उपसमितिलाई अनुगमन तथा वैठकको लागि रकम व्यवस्थापन गरिने छ ।

**(ख) स्वस्थ्य**

१.भौगोलिक दुरि टाढा भएका वस्तिहरुमा घरमा हुने सुतकेरी सङ्ख्या घटाउन शुन्य होम डेलिभरी बनाउन दुर्गम बस्ति भएका समुदाय तथा प्रत्येक वडामा ब्रथीङ सेन्टर सञ्चालन गरिनेछ।

२. स्वास्थ्य क्षेत्रमा सरकारी, निजि तिथा गैरसरकारी क्षेत्र विचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा सेवा र अनुसन्धानका क्षेत्रमा निजि आन्तरिक तथा वाह्य लगानीलाई प्रोत्साहान एवम् संरक्षण गरिनेछ ।

३. महिला स्वास्थ्य स्वयम् सेविकालाई कामको आधारमा प्रोत्साहान गर्ने साथै महिला स्वास्थ्य स्वयम् सेविका नभएको टोल बस्तिमा महिला स्वास्थ्य स्वयम् सेविका राख्ने नीति अवलम्बन गरिनेछ।

४.तोकिएको स्वास्थ्य संस्थाबाट गुणस्तरिय स्वास्थ्य सेवामा सबै नागरिकको पँहुच पुग्ने गरि निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरिने छ।

५. डौड स्वास्थ्य चौकीको १० शैया अस्पतालको भवन निर्माणकार्य बढाउन आवश्यक पहल गरिने छ।

६.स्वास्थ्य सेवालाई सर्वसुलभ,प्रभावकारी तथा गुणस्तरिय बनाउन जनसंख्या , भुगोल र स्थानीय संरचना अनुरुप दक्ष स्वास्थ्य जनसक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिने छ।

७. जलवायु परिवर्तन , महामारी नियन्त्रण तथा अन्य सरुवा रोग नियन्त्रणका लागि प्रतिकार्य टिम गठन गरि समाधानको उपाय अपनाइने छ।

८. सायल गाउँपालिकामा आखाँ उपचार केन्द्र सेवालाई निरन्तरता दिदै त्यसको विकास तथा विस्तार गरिने छ।

९. पोषणको अवस्थालाई सुधार गर्न मिसावट युक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरिय एवम् स्वास्थय वर्धक, खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पँहुचलाई विस्तार गरिने छ।

१०. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरिय तथा प्रविधिमैत्री बनाइ एकिकृत स्वास्थ्य सुचना प्रणालीको विकास गरिने छ । स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीको उपचार सम्बन्धि जानकारी पाउने हकको प्रत्याभुति गरिने छ।

११. स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठानात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकुल परिमार्जन तथा सुधार गर्दै शुसान कायम गरिने छ।

१२. सुरक्षित मातृत्त्व, बाल स्वास्थ्य , किसोर किसोरी तथा प्रजनन् स्वास्थ्य प्रौढ तथा जेष्ठ नागरिक लगाएतका सेवाको विकास तथा विस्तार गरिने छ।

१३.संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि स्वास्थ्य सेवा विकास तथा विस्तार गरिनुका साथै वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण लगाएतका वातावरणीय प्रदुषणका साथै खाद्यान्न प्रदुषलाई वैज्ञानीक ढङ्गले नियमन तथा नियन्त्रण गरिने छ ।

१४. गाउँपालिका स्तरमा गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्थामा पुर्याउनका लागि निः शुल्क एमबुलेन्स सेवा प्रदान गरिने नीतिलाई निरन्तरता दिईने छ। गाउँपालिकाको एम्बुलेन्स उपलब्ध नभएको अवस्थामा गर्भवति आमाहरुलाई स्वास्थ्य संस्थाहरुमा पठाउनको निमित्त वैकल्पिक साधनको व्यवस्था गरिने छ।

१५. स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य एकाईमा आवस्यक पर्ने औषधि आपुर्ति गरिने छ।

१६. प्रत्येक वडामा DOTS सेवा केन्द्र सञ्चालन गरिने छ।

१७. प्रत्येक वडामा सुरक्षित गर्भपतन सेवालाई विस्तार गरिने छ।

१८. सायल गाउँपालिका अन्तरगत ब्रथीङ सेन्टर नभएको स्वास्थ्य संस्थाहरुमा ब्रथीङ सेन्टर स्थापना गर्ने र भवन नभएका स्वास्थ्य संस्थामा भवन निर्माणका लागि पहल गरिने छ र आवश्यक जनशक्तिको व्यवस्था गरिने छ।

१९. सबै संस्थामा Edigitalization सेवा विस्तार गरिने छ।

२०. एकिकृत स्वास्थ्य घुम्ति शिविर संचालन गरिने छ।

२१. सुत्केरी संग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गरिने छ।

२२.डौड स्वास्थ्य चौकीमा विशेषज्ञ चिकित्सक सेवालाई निरन्तरता दिइने छ।

२३. गर्भवतिको नियमित तथा सुत्केरी चेकजाँचका लागी भिडियो एक्सरे विस्तरका लागि पहल गरिने छ।

२४.लागु औषध तथा स्वास्थ्य सम्बन्धि जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२५. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विशेष जोड दिईने छ।

२६. HIV संक्रमितहरुलाई ओषधी वितरण गर्न ART केन्द्र स्थापना गरि व्यवस्थित गरिने छ।

२७. जेष्ठ नागरिकहरुसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिने छ ।

२८. आधारभूत स्वास्थ्य सेवा केन्द्र सायल ५ देवारमाण्डौमा ल्याव प्रयोगशालालाई व्यावस्थापन गरिने छ।

२९. पोषण अवस्थामा सुधार ल्याउनका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ।

३०. गाउँघर क्लिनिक नभएको ठाउँमा गाउँघर क्लिनिक सञ्चालन गरिने छ।

३१. सुनौला हजार दिनका आमाहरुलाई गाउँपालिका स्तरीय पोषण कोशेली कार्यक्रम संचालन गरिनेछ।

३२. गाउँपालिकामा सुनौला हजार दिनका महिलाहरुलाई स्वच्छ तथा पोषण युक्त खानेकुराको उपलब्धता सुनिश्चितता गर्ने एक घर एक करेसावारी नीति बमोजिम कृषि रैथाने बाली प्रवर्द्धनमा जोड दिइनेछ।

**(ग) खानेपानी, सरसफाई तथा स्वच्छता (वास)**

१. जनतालाई सुरक्षित खानेपानी सुविधा उपलब्ध गराउन गाउँपालिका स्तरमा खानेपानी, सरसफाई स्वच्छता इकाई व्यवस्थापन बोर्ड स्थापना गरि सो वास युनिट मार्फत नयाँ खानेपानी योजना निर्माण तथा विद्यामान योजनाहरुको मर्मत सम्भारको व्यवस्था मिलाईनेछ।
२. वास (WASH) कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
३. **"एक घर एक धाराको"**नीतिलाई निरन्तरता दिईनेछ।
४. खानेपानी संरक्षणका लागि मुहान संरक्षण कार्य, मुहान पुनर्भरण गर्न सघाउ पुर्याउने पुनर्भरण पोखरी वा खाल्डा निर्माण गरिनेछ।

**(घ) महिला, बालवालिका, तथा जेष्ठ नागरिक**

१. **"बिहेवारी, विस वर्ष पारी"** नारा सहित गाउँपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गर्ने लक्ष्य राखि कार्यक्रमहरु आगाडि बढाईनेछ।

२. महिलाहरुको आर्थिक सशक्तीकरण तथा जीवनस्तरमा सुधार ल्याउन उपध्यक्षसंग महिला कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।
३. बालबालिकाको विकासका लागि वालमैत्री अभियान संचालन मार्फत वालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक सूचकहरु पुरा गर्न पहल गरिनेछ।
४. अनाथ बालबालिकाको तथ्याङ्क संकलन गरि उचित व्यवस्थापन गरिनेछ।
५. वडाहरुमा गठन भएका महिला संजाल, वाल क्लब, युवा क्लब हरुलाई परिचालन गरि समाजमा रहेको विभेद तथा असमानताको अन्त्य गरिनेछ।
६. हिंसा पिडितहरुलाई तत्कालिन आधारभूत आवश्यकता पुरा गर्न लैंगिक हिंसा निवारण कोषलाई निरन्तरता दिईनेछ।
७. जेष्ठ नागरिकप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्नको लागि जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ साथै उनीहरुको ज्ञान, सीप, अनुभवलाई पुँजीका रुपमा प्रयोग गरिनेछ।
८. विपदमा परेका बालबालिकाहरुको संरक्षण तथा प्रवर्द्धनका लागि बाल संरक्षण कोषलाई निरन्तरता दिइनेछ ।

**(ङ) सामाजिक सुरक्षा**

१. दलित, जनजाति, अल्पसंख्या समुदायलाई लक्षित गरि विभिन्न जनचेतना मूलक, रोजगार मूलक कार्यक्रमहरु संचानल गरिनेछ।
२. स्थानीय कला, संस्कृति तथा लोक बाजाहरुको संरक्षण कार्यलाई निरन्तरना दिईनेछ।
३. दलित समुदायको परम्परागत पेशा, कला र सीपको संरक्षण र प्रवर्द्धन गरिनेछ।
४. अपाङ्गता भएका व्यक्ति, असाहय भएका व्यक्तिको सामाजिक तथा आर्थिक जिवनको सुरक्षाको सुनिश्चतता गरिनेछ।
५. मुक्त हलिया परिचय पत्र वितरण कार्यक्रमलाई निरन्तरता दिँदै मुक्त हलियाहरुको उचित व्यवस्थापनका लागि पहल गरिनेछ ।

**(च) स्थानीय रोजगार सेवा**

१. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारलाई स्थानीय स्तरमा संचालन हुने योजनाहरुमा संलग्न गराईनेछ।

२. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र नीजि सहकारी तथा गैरसरकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिईनेछ।
३. दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारीको प्रबर्द्धन गर्न आवश्यक सीपमूलक तालिकको संचालन गरिनछ।
४. कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ।

**३.पूर्वाधार विकास**

१. निर्माण सम्पन्न भएका सडकको स्तरोन्नती तथा कालोपत्रेका लागि आवश्यक पहल गरिनेछ।
२. **"सडक पूर्वाधार विकासको आधार"** नारा सहित सडक मापदण्ड सम्बन्धी सडक गुरुयोजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।
३. स्थानीय सडकहरुको स्तरोन्नती कार्यलाई निरन्तरता दिईनेछ।
४. धार्मिक सांस्कृतिक तथा पर्यटकीय क्षेत्र अशुद्वाला देखि छपाली जाने वाटो सम्म सडक विस्तार गरिनेछ।
५. वडा नं २ र ३ लाई गाउँपालिका एवम् जिल्ला सँग जोड्न साईली गाडमा पुल निर्माण कार्यलाई विशेष जोड दिईनेछ।
६. योजना संचालन कार्यलाई सहज, व्यवस्थित र गुणस्तरीय बनाउन उपभोक्ता समितिका पदाधिकारीहरुलाई एवम् जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रमा संचालन गरिनेछ।
७. सिचाई कुलो, पोखरी, नहरको निर्माण तथा पुराना भएकाको मर्मत संभार गरिने छ ।
८. निर्माण भैसकेका घरहरुको अनिवार्य अभिलेखीकरण गर्ने र घर निर्माण गर्दा नक्सा पास गर्ने नीति अवलम्बन गरिनेछ।
९. सेवा प्रदायक सँगको साझेदारीमा गुणस्तरीय इन्टरनेट सेवा विस्तार गर्न पहल गरिनेछ।
१०.सञ्चार माध्यमहरुको संस्थागत र समतामुलक विकासका लागि स्थानीय सञ्चार माध्यम प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
११.केन्द्रीय प्रसारण लाइनलाई प्रत्येक गाउँ वस्तीमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
१२.सायल गाउँपालिकाबाट निर्माण गरिने सम्पूर्ण भौतिक संरचनाहरुलाई अपाङ्ग मैत्री रुपमा निर्माण गरिनेछ ।
१३.उधुरा रहेका सडकहरुलाई पूर्णत दिनुका साथै स्तरउन्नतिको उचित पहल गरिनेछ।

## ४. वातावरण तथा विपद व्यवस्थापन

१. वन संरक्षणमा सवैको सहभागिता जुटाइनुका साथै सामुदायिक वन उपभोक्ता समितिलाई सक्रिय बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

२. जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरबाटै व्यवस्थापन गर्नको लागि मुहान संरक्षण समिति गठन र दर्ता गर्ने कार्यलाई तिव्रता दिईनेछ ।

३. हरियाली प्रवर्द्धन गर्नका लागि सडक छेउ, नाङ्गा र खाली डाँडाकाँडामा वृक्षारोपण गरिनेछ।

४. पहिरो, भूक्षय नियन्त्रणको लागि आवश्यक संरचनाको निर्माण गरिनेछ।

५. प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त खानेपानी, सडक, तथा भैतिक संरचना पुनः निर्माणलाई उच्च प्राथमिकतामा राखिनेछ।

६. विपद् व्यवस्थापनामा शिघ्र र विश्वसनीय सूचनाप्रवाह र प्रभावकारी प्रतिकार्यको लागि LEOC संचालन गरिनेछ।

७. गाउँपालिकामा विपद् कोषको निरन्तरता गरि प्रभावकारी रुपमा परिचालन गरिनेछ।

८. बैकल्पिक उर्जाको व्यवस्थापन तथा प्रयोगमा वृद्धि गर्नका लागि निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु संग साझेदारी गरिनेछ ।

९. आ.ब. २०८२।०८३ भित्र यस गाउँपालिकाका महिलाहरुको कार्यबोझ कम गर्न उन्नत किसिमका चुलोको प्रयोगलाई प्रवर्धन गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

१. सरोकारवालाहरुलाई सुसुचित तथा सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाईनेछ। यसका लागि सार्वजनिक उत्तरदायित्वका औजारहरु (सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, जेसी अडिट लाई कार्यन्वयनमा ल्याईनेछ।)

२. कार्यसम्पादन मूल्याङकन पद्धतिलाई प्रभावकारी बनाइनेछ र उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ।

३. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासमा अध्ययन, अनुसन्धान, तालिक भ्रमण अनुभव साटासाटको व्यवस्था मिलाईने छ।

४. गाउँपालिका कार्यालय, शाखा, वडाहरु आ.व २०८२/०८३को शुरुवात देखी विद्युतीय हाजिरीको व्यवस्था मिलाईनेछ ।

५. कर्मचारीलाई गाउँपालिकाले परिचालन गर्नको लागि विषयगत क्षेत्र अनुसार कार्य योजना र कार्य विवरण बनाई परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

६. गाउँपालिकामा संचालन रहेको सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लाई थप व्वयस्थित गरिनेछ र गाउँपालिकामा रहेको सार्वजनिक सम्पत्ती खोजि गरि संरक्षण गरिनछ।
७. **"गाउँवासीलाई टेवा घर दैलोमै सेवा"** अन्तर्गत वडाहरुमा एकिकृत घुम्ती शिविर संचालन गरिनेछ।
८. सार्वजनिक खर्चको प्रभावकारितामा जोड दिदै आर्थिक क्रियाकलापहरु संचालन गर्दा विनियोजनमा कुशलता, खर्चमा दक्षता र आर्थिक अनुशासनको मान्यताहरु अवलम्बन गरिनेछ।
९. **पूर्ण डिजिटल सायल गाउँपालिका** निर्माण गर्न आवश्यक कार्यहरु आगाडी बढाईनेछ।
१०. गाउँपालिकको वेवसाईट फेसबुक पेज मार्फत क्रियाकलापहरुको विवरण निरन्तर अद्यावधिक गरिनेछ।
११. गाउँपालिकको जरुरी दस्तावेज तथा रिपोर्टहरु भण्डारका लागि Cloud based server सुचारु गरिनेछ।
१२. नागरिकका गुनासो तथा सायल गाउँपालिकाबाट प्रदान हुने सेवा तथा सूचनाहरुको वारेमा जानकारी प्रदान गर्ने "**Hello अध्यक्ष**" कार्यक्रम संचालन गरिनेछ।
१३. आन्तरिक लेखापरीक्षकले नियमित कामकाज गरि  बेरुजु घटाउदै लागिनेछ ।
**१४.** कर्मचारीहरुको न्यूनतम तलब नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक सरह कायम गरिनेछ।

**विविध**

१. गाउँपालिका मूल्याङ्न हुने विभिन्न सूचकहरु जस्तै (क.स.मू, LISA) स्तर उच्च बनाउन आवश्यक कार्य गरिनेछ।
२. न्यायिक समितिको सचिवालयलाई थप व्यवस्थित गरिनेछ।
३. न्यायिक पँहुचमा अभिवृद्धि गर्न तथा कानुनी व्यवस्थाहरुका बारेमा आम सर्वसाधारण तथा विद्यालयका विद्यार्थिहरुलाई जानकारी प्रदान गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।
४. राजस्व सुधार कार्ययोजनको सुझाव सल्लाहलाई कार्यान्वयन गर्दै लगिनेछ।
५. जिल्लास्तरमा अन्य पालिकाहरुसँग समन्वय गरी सम्पन्न हुने आयोजना तथा कार्यक्रमहरुलाई विशेष जोड दिईनेछ।
६. MTEF कार्यान्वयन मार्फत बहुवर्षिय योजनाहरुको लागि बजेट सुनिश्चिचतता गर्दै गाउँपालिका तथा वडाको गौरवका योजनहरु निर्माण गरिनेछ।

७. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्न सङ्घीय सरकारले गठन गरेको राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थ लगत लिई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराईनेछ।

८. वैदेशिक रोजगारीको क्षत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन संघ र प्रदेश संग सहकार्यमा **सुरक्षित आप्रवासन (सामी**) कार्यक्रम संचालनमा ल्याईनेछ।

अन्त्यमा, सायल गाउँपालिको विकासमा साझेदारी, समन्वय, सहयोग गर्ने नेपाल सरकार, सुदूरपश्चिम सरकार , गाउँसभा सदस्यूहरु, कर्मचारी, विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनीतिक दल, नीजि क्षेत्र, गैर सरकारी संस्था, संचारकर्मी लगायत देश विदेशमा रहेका सम्पूर्ण सायलवासी प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरुको साथ र सहयोग निरन्तर रुपमा प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछु।

हार्दिक धन्यवाद

धर्म राज जोशी
अध्यक्ष